जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरुः**

१। ताला खोल्ने सम्बन्धमा ।

२। नियुक्ति सम्बन्धमा ।

३। डि.पि.आर तयार गर्ने सम्बन्धमा ।

४। आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय तथा छलफलहरु**

प्रस्ताव नं.१ को बुँदामा छलफल गर्दा जानकी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा तथा शाखाहरुको फाइलहरुको भुक्तानीमा ढिला सुस्ती तथा अवरोध भएको विवादमा अब उपरान्त सबै वडा तथा शाखाहरुको सम्पुर्ण योजना तथा कार्यक्रमहरुको कागजातहरु सबै मिलाई, प्रक्रिया पुराई आएको खण्डमा भुक्तानी छिटो छरितो गर्ने तथा प्रक्रिया कागजात नमिलेको खण्डमा कागजात मिलाउन सुझाव साथै विगत १(एक) हप्ता देखि प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखाको कार्यकक्षमा लागेको ताला खोल्ने निर्णय गरियो ।

प्रस्ताव नं.२ को बुँदामा छलफल गर्दा जानकी गाउँपालिका अन्तर्गत वडा नं. ३ इन्द्रपुरको मितिः २०८०/११/१८ गते चलानी नं.२२०८ को सिफारिस पत्रानुसार जानकी गाउँपालिका अन्तर्गत वडा नं. ३ ईन्द्रपुर स्वास्थ्य चौकीको बर्थिङ्ग सेन्टरमा विगत ११ महिना देखि स्वीपर पदमा बिना तलब कार्यरत आयशा बेहनालाई आजको मिति २०८०/११/२० गते देखि लागु हुने गरी मासिक रु.५,०००/-(अक्षरेपी पाँच हजार मात्र) तलब भत्ता दिने गरी सम्झौता गर्ने निर्णय गरियो । साथै जानकी गाउँपालिकामा कार्य गर्दै आएका श्री साहिद खानलाई फागुन महिना देखि लागू हुने गरी श्रेणीबिहिन पदमा दैनिक ज्यालादारीमा काम गराउने निर्णय गरियो ।

प्रस्ताव नं.३ को बुँदामा छलफल गर्दा यस जानकी गाउँपालिकाको तपसिलका योजनाहरुको डि.पि. आर गर्ने निर्णय गरियो ।

क. विशालचोक देखि बनियागाउँ,गुरुवागाउँ हुँदै बुढियागाउँ देखि पिप्रहवा नहरमा जोडने सडक ।

ख. जोगागाउँ देखि बढैया गाउँसम्म सडक।

ग. बुढियागाउँ देखि शेखापुरवा हुँदै डिठ्ठापुरवा देखि ठाडा गाउँसम्म सडक ।

घ. कपासी देखि सल्यानटोल सम्मको बाटो ।

प्रस्ताव नं.४ को बुँदामा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ बढैया गाउँको मदरसामा मितिः २०८०/११/२३ गते लाग्ने जलसा कार्यक्रमको लागि रु.२०,०००/-(अक्षरेपी बिस हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो ।